(५८

# नेपाल आयल निगम लिमिटेड
# पेट्रोलियम पदार्थ गुणस्तर नियन्त्रण विनियम
# २०६४

**प्रस्तावना :**

नेपाल आयल निगम लिमिटेडले आयात गरी सर्वसाधारणलाई बिक्री वितरण गर्ने पेट्रोलियम पदार्थका गुणस्तरलाई विश्वसनीय बनाइराख्नु वाञ्छनीय भएकोले नेपाल आयल निगम लिमिटेडको संचालक समितिले निगमको नियमावलीको नियम २२ (१४) ले दिएको अधिकार प्रयोग गरी यो नेपाल आयल निगम लिमिटेड पेट्रोलियम पदार्थ गुणस्तर नियन्त्रण विनियम, २०६४ बनाई लागू गरेको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ :**

१.१. यो विनियमको नाम "नेपाल आयल निगम लिमिटेड पेट्रोलियम पदार्थ गुणस्तर नियन्त्रण विनियम,२०६४" रहनेछ।

१.२. यो विनियम तुरून्त लागू हुनेछ।

२. **परिभाषा :**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा, यस विनियममा–

२.१ "निगम" भन्नाले कम्पनी ऐन बमोजिम गठित "नेपाल आयल निगम लिमिटेड" सम्झनु पर्दछ।

२.२. "विनियम" भन्नाले नेपाल आयल निगम लिमिटेड पेट्रोलियम पदार्थ गुणस्तर नियन्त्रण विनियम, २०६४ सम्झनु पर्दछ।

२.३ "केन्द्रीय कार्यालय" भन्नाले निगमको केन्द्रीय कार्यालय सम्झनु पर्दछ।

२.४. "संचालक समिति" भन्नाले निगमको संचालक समिति सम्झनु पर्दछ।

२.५. "कार्यकारी प्रमुख" भन्नाले निगमको कार्यकारी अध्यक्ष वा कार्यकारी निर्देशक वा कार्यकारी प्रमुखको काम गर्ने ब्यक्ती सम्झनु पर्दछ।

२.६. "नायव कार्यकारी निर्देशक" भन्नाले निगमको नायव कार्यकारी निर्देशक सम्झनु पर्दछ।

२.७ "विभाग" भन्नाले निगमको गुणस्तर नियन्त्रण तथा अनुगमन विभाग सम्झनु पर्दछ ।

२.८. "विभागीय प्रमुख" भन्नाले निगमको गुणस्तर नियन्त्रण तथा अनुगमन विभागको विभागीय प्रमुख वा विभागीय प्रमुखको काम गर्ने निर्देशक सम्झनु पर्दछ ।

२.९ "क्षेत्रीय कार्यालय" भन्नाले निगमको क्षेत्रीय कार्यालय सम्झनु पर्दछ ।

२.१०. "क्षेत्रीय प्रमुख" भन्नाले निगमको क्षेत्रीय कार्यालयको प्रमुख सम्झनु पर्दछ ।

२.११. "डिपो" भन्नाले निगमको पेट्रोलियम पदार्थ भण्डारण गर्ने र विक्री वितरण गर्ने डिपो सम्झनु पर्दछ ।

२.१२. "डिपो प्रमुख" भन्नाले निगमको डिपोको प्रमुख सम्झनु पर्दछ ।

२.१३. "अप्रेशन अधिकृत" भन्नाले निगमको डिपो एवं अन्य विक्री स्थलमा पेट्रोलियम पदार्थ सम्बन्धी काम गर्न जिम्मेवारी दिइएको अधिकृत सम्झनु पर्दछ ।

२.१४ अनुगमन तथा निरिक्षण टोलि भन्नाले निगम र नेपाल सरकारले तोकेको निरिक्षण अधिकृतहरु, नेपाल पेट्रोलियम डिलर्स एशोसिएशन र उपभोक्ताका प्रतिनिधि (उपभोक्ता संरक्षण ऐन २०५४ अनुसार नेपाल सरकारको उपभोक्ता संरक्षण नियमाबलि २०५६ को दफा ५१ को २ ख को मापदण्ड पुगेका उपभोक्ता हीत सम्बन्धि कार्य गरेका संघ संस्थाहरुको मात्र प्रतिनिधि हुन सक्ने तथा त्यस्ता संघसंस्थाहरु एक वा एक भन्दा बढी भएमा पालैपालो समावेस गर्न सकिने) समावेश भएको अनुगमन तथा निरिक्षण टोलि सम्झनु पर्दछ ।

(नेपाल आयल निगम लिमिटेड संचालक समितिको मिति २०६४।१०।१९ को १७७३ औं बैठकको निर्णयानुसार उपरोक्त व्यवस्थाको सट्टा देहाय बमोजिम व्यवस्था कायम गर्ने निर्णय भयो ।)

२.१४ अनुगमन तथा निरिक्षण टोलि भन्नाले निगम र नेपाल सरकारले तोकेको निरिक्षण अधिकृतहरु, नेपाल पेट्रोलियम

डिलर्स एशोसिएशन, उपभोक्ता, यातायात व्यवसायी संघका प्रतिनिधि समावेश भएको अनुगमन तथा निरिक्षण टोली सम्झनु पर्दछ ।

२.१५. "निरीक्षण अधिकृत" भन्नाले पेट्रोलियम पदार्थको गुणस्तर निरीक्षण गर्न निगमबाट खटाइएको अधिकृत वा कर्मचारी सम्झनु पर्दछ ।

२.१६. "विक्रेता" भन्नाले निगमको प्रचलित विक्रेता नियमावली बमोजिम निगमबाट नियुक्त गरिएका विक्रेता (डिलर) सम्झनु पर्दछ ।

२.१७. "ढुवानीकर्ता" भन्नाले निगमको पेट्रोलियम पदार्थ ढुवानी गर्ने कामको प्रयोजनको लागि प्रचलित पेट्रोलियम पदार्थ ढुवानी नियमावली वमोजिम नियुक्त निगमलाई टैंकट्रक उपलब्ध गराउने व्यक्ति, फर्म, ढुवानी संस्था वा कम्पनीले तोकेको व्यक्ति वा प्रतिनिधिलाई सम्झनु पर्दछ ।

२.१८. "मिक्स लोड" भन्नाले एउटा टैंकट्रकको विभिन्न च्याम्बरमा मट्टितेल बाहेक पेट्रोल र डिजेल मात्र लोड भएको लाई सम्झनु पर्दछ ।

२.१९. "क्वालिटी कन्ट्रोल म्यानुअल" भन्नाले निगमले मान्यता प्रदान गरी लागू गरेको क्वालिटी कन्ट्रोल म्यानुअल सम्झनु पर्दछ ।

२.२०. "अप्रेशन म्यानुअल" भन्नाले निगमले मान्यता प्रदान गरी लागू गरेको अप्रेशन म्यानुअल सम्झनु पर्दछ ।

२.२१. "पेट्रोलियम पदार्थ" भन्नाले निगमद्वारा आयात एवं विक्री वितरण गरिने पेट्रोल, डिजल, मट्टितेल, एभिएशन टर्वाइन फ्यूल (ए.टि.एफ.), फर्नेश आयल (एफ.ओ.), लाइट डिजेल आयल (एल.डि.ओ.), मिनरल टर्पेन्टाइन आयल (एम.टि.ओ.), जुट व्याचिङ्ग आयल(जे.बि.ओ.) लगायत अन्य पेट्रोलियम पदार्थ समेतलाई सम्झनु पर्दछ ।

२.२२. "कारवाही" भन्नाले यस विनियम अन्तर्गत गरिने कारवाहीलाई सम्झनु पर्दछ ।

२.२३. "अनुसूची" भन्नाले यो विनियमको अनुसूची सम्झनु पर्दछ ।

२.२४. "उपभोक्ता" भन्नाले निगमको कुनै डिपो वा कार्यालयबाट

पेट्रोलियम पदार्थ खरिद गर्ने उद्योग, कलकारखाना, प्रतिष्ठान, कुटनैतिक नियोग, आयोजना/परियोजना तथा निगमका विक्रेताबाट पेट्रोलियम पदार्थ खरिद गर्ने सर्व-साधारण व्यक्ति वा संस्था समेतलाई सम्झनु पर्दछ ।

२.२५. "टैंकट्रक/टैकलरी"भन्नाले निगमको पेट्रोलियम पदार्थ ढुवानी गर्ने प्रयोजनमा प्रयोग हुने साधनलाई सम्झनु पर्दछ ।

२.२६. "आर्थिक वर्ष" भन्नाले श्रावण १ गते देखि अर्को वर्षको आषाढ मसान्त सम्मको अवधिलाई सम्झनु पर्दछ ।

२.२७. "स्पेसिफिकेशन" भन्नाले नेपाल सरकार, नेपाल गुणस्तर तथा नापतौल विभागले निर्धारित गरेको स्पेसिफिकेशनलाई सम्झनु पर्दछ । नेपाल गुणस्तर तथा नापतौल विभागले निर्धारित नगरेको पेट्रोलियम पदार्थको स्पेसिफिकेशनको हकमा पेट्रोलियम पदार्थको सप्लायरले निर्धारण गरेको स्पेसिफिकेशनलाई सम्झनु पर्दछ ।

## ३. गुणस्तर नियन्त्रण सम्बन्धी व्यवस्था :

पेट्रोलियम पदार्थको गुणस्तर नियन्त्रण गर्नको लागी निगमले देहाय वमोजिमको कार्य गर्नेछ :

३.१. गुणस्तरयुक्त पेट्रोलियम पदार्थको ढुवानी, भण्डारण एवं बिक्री वितरण गर्ने गराउने ।

३.२ गुणस्तर नियन्त्रण गर्ने कार्य गुणस्तर नियन्त्रण तथा अनुगमन विभाग मार्फत गर्ने ।

३.३. विभागको कार्य सुचारु रुपले संचालन गर्न गराउनको लागी निम्नानुसारको व्यवस्था मिलाइनेछ :

३.३.१. पेट्रोलियम पदार्थको गुणस्तर परीक्षण गर्न आवश्यकता अनुसार प्रत्येक डिपोमा प्रयोगशाला स्थापना र व्यवस्था गर्ने ।

३.३.२. प्रयोगशालालाई दुरुस्त राख्न आवश्यक उपकरणहरुको व्यवस्था गर्ने ।

३.३.३. विभागलाई चाहिने आवश्यक दक्ष एवं तालिम प्राप्त कर्मचारीको व्यवस्था गर्ने ।

३.३.४.विभागमा काम गर्ने कर्मचारीको निमित गुणस्तर नियन्त्रण सम्वन्धी तालिमको व्यवस्था गर्ने ।

३.३.५. स्तरयुक्त उपकरणहरु समयमै उपलब्ध गराउने व्यवस्था गर्ने ।

३.३.६ गुणस्तर निरीक्षण,परीक्षण सम्बन्धी आधुनिक एवं अद्यावधिक जानकारी दिलाउनको निमित्त पुस्तक,पत्रपत्रिका, अनुगमन प्रतिवेदन आदि उपलब्ध गराउने ।

३.३.७ गुणस्तर नियन्त्रण सम्बन्धमा अन्तरराष्ट्रिय संघ संस्थासँग सम्पर्क राख्ने र विचारको आदान प्रदानको निमित्त भेला, सेमिनार गर्ने व्यवस्था मिलाउने ।

## ४. गुणस्तर नियन्त्रण तथा अनुगमन विभाग :

गुणस्तर नियन्त्रण तथा अनुगमन विभागको काम कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछ :

४.१. पेट्रोलियम पदार्थको गुणस्तर कायम राख्ने र राख्न लगाउने जिम्मेवारी विभागको हुनेछ ।

४.२. विभागले पेट्रोलियम पदार्थको गुणस्तर कायम राख्ने सम्बन्धमा क्षेत्रीय प्रमुख तथा डिपो प्रमुखलाई निर्देशन दिनेछ र सो को पालना गर्नु/गराउनु निजहरुको कर्तव्य हुनेछ ।

४.३ विभागले पेट्रोलियम पदार्थको गुणस्तर कायम राख्ने सम्बन्धमा डिपो, विक्रेताकहाँ र ढुवानीको साधनमा रहेको पेट्रोलियम पदार्थको गुणस्तर निरीक्षण गर्न/गराउन सक्नेछ ।

४.३.१ विभागले निगमको प्रत्येक डिपोमा कम्तिमा महिनाको एक पटक निरीक्षण गराउनु पर्नेछ ।

४.३.२ अनुगमन तथा निरिक्षण टोलीले निगमको प्रत्येक डिपोमा आकस्मीक अनुगमन तथा निरिक्षण गर्न सक्ने छ ।

४.३.३ अनुगमन तथा निरिक्षण टोलिले विक्रेताकहाँ रहेको पेट्रोलियम पदार्थको नियमित एवं आकस्मिक गुणस्तर जाँच गर्न/गराउन सक्नेछ ।

४.३.४ अनुगमन तथा निरिक्षण टोलिले समय समयमा ढुवानीकर्ताले ढुवानी गरि ल्याएको पेट्रोलियम पदार्थको गुणस्तर जाँच गर्न सक्नेछ ।

४.४. विक्रेताकहाँ निरीक्षण गर्दा पेट्रोलियम पदार्थको गुणस्तर,

नापतौल तथा बिक्री वितरण ठिकसंग भए/नभएको तथा निगम बाट वितरण गरिएको बाहेकको पेट्रोलियम पदार्थ भए/नभएको समेत निरीक्षण गर्न सक्नेछ ।

४.५. विभागले पेट्रोलियम पदार्थको गुणस्तर निरीक्षणका लागि निरीक्षण अधिकृत वा घुम्ती टोली खटाउन सक्नेछ । निरीक्षण अधिकृत वा घुम्ती टोलीलाई निरीक्षण गर्न वा नमूना संकलन गर्न दिनु सम्वन्धित निगमका क्षेत्रिय प्रमुख, डिपो प्रमुख, विक्रेता र ढुवानीकर्ताको कर्तव्य हुनेछ ।

४.६ विक्रेता कहाँ जडान भएको डिस्पेन्सिङ्ग पम्पको मीटर तथा नापतौल ठिक नभेटिएको अवस्थामा विभागले सो को लिखित सूचना नेपाल सरकार,गुणस्तर तथा नापतौल कार्यालेयलाई दिनेछ ।

४.७ निरीक्षणको सन्दर्भमा निरीक्षण अधिकृत वा टोली खटाउदा निजले भ्रमण गर्ने स्थान तथा समय गोप्य राख्नु पर्नेछ ।

५. **प्रयोगशाला तथा नमुना परीक्षण सम्बन्धी व्यवस्था :**

५.१ विभाग अन्तर्गत काठमाण्डौंमा एक केन्द्रीय तथा प्रत्येक डिपोमा दैनिक प्रयोजनको लागी एक प्रयोगशाला रहनेछ । केन्द्रीय प्रयोगशालामा आयातित पेट्रोलियम पदार्थको नमुना तथा निगमको डिपोमा रहेको, टैंकट्रकमा रहेको र विक्रेताको पम्पबाट लिइएको पेट्रोलियम पदार्थको नमुना परीक्षण हुनेछ । नेपाल सरकार एवं अन्य निकायहरुवाट प्राप्त नमुना नियमानुसार दस्तुर लिई परीक्षण हुनेछ ।

५.२ प्रयोगशालामा प्राप्त नमूनाको नतिजा प्राविधिक कारण वाहेक नमूना प्राप्त भएको मितिले ४८ घण्टा भित्र सम्बन्धित पक्षलाई उपलब्ध गराउनु पर्नेछ ।

६. **विभागीय प्रमुखको काम कर्तव्य र अधिकार :**

विभागीय प्रमुखको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

६.१. पेट्रोलियम पदार्थको गुणस्तरको सम्वन्धमा आवश्यक निर्देशन, आदेश जारी गर्ने र सो को पालना भए नभएको अनुगमन गर्ने/ गराउने ।

६.२ निगमका प्रयोगशालाहरु अद्यावधिक रुपमा राख्ने र राख्न लगाउने ।

६.३ निरीक्षणको सिलसिलामा प्राप्त पेट्रोलियम पदार्थको सेम्पललाई कोड गरी परीक्षणको लागी प्रयोगशालामा पठाउनु पर्ने ।

६.४ पेट्रोलियम पदार्थको गुणस्तर सम्बन्धमा कुनै उजुरी परेमा छानविन गर्ने, गर्न लगाउने ।

६.५ पेट्रोलियम पदार्थको गुणस्तर कायम राख्ने क्रममा निरीक्षण एवं परीक्षणबाट कैफियत देखिएमा विनियम बमोजिम आफ्नो अधिकार क्षेत्र भित्र पर्नेमा आफैले र आफ्नो अधिकार क्षेत्र बाहिर भएमा कार्यकारी निर्देशक समक्ष पेश गर्ने

६.६ विभागीय प्रमुख स्वयं वा निजले खटाएको निरीक्षक वा अन्य अधिकृतले निगमको डिपो, विक्रेता र ढुवानीकर्तासंग रहेको पेट्रोलियम पदार्थको गुणस्तर निरीक्षण गरी सो को प्रतिवेदन कार्यकारी निर्देशक समक्ष पेश गर्ने ।

६.७ पेट्रोलियम पदार्थको गुणस्तर कायम राख्न व्यवस्थापनलाई आवश्यक सुझाव दिने ।

६.८ गुणस्तर मापदण्डको सम्वन्धमा विभागले नेपाल सरकार, गुणस्तर तथा नापतौल विभागसँग आवश्यकता अनुसार समन्वय गर्ने ।

६.९ विभागले गरेको काम कारवाही बारे निगमका कार्यकारी निर्देशकलाई नियमित रुपमा जानकारी गराउने ।

## ७. निरीक्षण अधिकृतको काम, कर्तव्य र अधिकार :

निरीक्षण अधिकृतको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ :

७.१ निरीक्षण अधिकृतले निगमको डिपो, विक्रेता एवं टैंकट्रकमा रहेको पेट्रोलियम पदार्थको निरीक्षण गर्न सक्नेछ र निरीक्षणको क्रममा निगमलाई आवश्यक पर्ने विवरण वा जानकारी माग गर्न सक्नेछ ।

७.२ विक्रेता वा टैंकट्रकको पेट्रोलियम पदार्थको गुणस्तर निरीक्षण

गर्दा विक्रेताको हकमा अनुसूची १ एवं ढुवानीकर्ताको हकमा अनुसूची ३ को विवरण भर्नु पर्नेछ ।

७.३ निरीक्षण अधिकृतले विक्रेता वा ढुवानीकर्तासंग रहेको पेट्रोलियम पदार्थ जाँच गर्दा पेट्रोलियम पदार्थ पठाउने डिपो (Despatching Depot) को चलानमा उल्लेखित घनत्वको तुलनामा घनत्वको १५० सेन्टिग्रेडमा हुने फरक +0.00२५ ग्रामरसेमीघ भन्दा वढी देखिएमा विक्रेताको हकमा निजको सम्वन्धित डिस्पेन्सिङ्ग पम्प र भण्डारण टैंक सिल गर्ने र डिस्पेन्सीङ्ग पम्पको मिटर अंकित गरी जाँचबुझको आवश्यक कार्वाही पुरा नभएसम्म विक्री वितरण गर्न नपाउने गरी रोक लगाउनेछ । ढुवानीकर्ताको हकमा सम्वन्धित टैंकलरीमा शील गरी कार्वाही अघि वढाउनेछ ।

७.४ निरीक्षण अधिकृतले पेट्रोलियम पदार्थमा उपदफा ७.३ को कैफियत देखेमा निगमको डिपो, विक्रेता वा ढुवानीकर्ता बाट परीक्षणका लागि नमूना लिई प्रयोगशालामा पठाउनु पर्नेछ ।

७.५ पेट्रोलियम पदार्थको गुणस्तरमा कैफियत देखिएमा पम्प तथा भण्डारण टैंकमा सिलवन्दी गर्ने एवं विक्री वितरण गर्न नपाउने गरी रोक लगाउँदा अनुसुची २ को विवरण भर्नुका साथै अनुसुची ४ वमोजिमको फाराममा लिखित आदेश दिनु पर्नेछ ।

७.६ विक्रेता वा ढुवानीकर्ताबाट पेट्रोलियम पदार्थको नमूना लिनुपर्दा अनुसूची ५ वमोजिमको फाराम भर्नु पर्नेछ ।

७.७ निरीक्षणको क्रममा विक्रेताको विक्रीस्थलमा रहेको डिस्पेन्सिङ्ग पम्पवाट विक्री वितरण गरिने पेट्रोलियम पदार्थको परिमाण र गुणस्तर चेकजाँच गर्न सक्नेछ ।

७.८ निरीक्षण अधिकृतले आफ्नो निरिक्षण विवरण विभागीय प्रमुख समक्ष पेश गर्नु पर्नेछ ।

७.९ गुणस्तर जाँच वा अनुगमन गर्दा विक्रेताको पेट्रोलियम पदार्थ राख्ने भण्डारण टैंक समेत जाँच गर्न सक्ने र कुनै कैफियत देखिएमा निरिक्षण अधिकृतले दिएको निर्देशन बिक्रेताले पालना गर्नु पर्नेछ ।

७.१० निरीक्षण गर्दा विक्रेताको विक्रीस्थलको भौतिक पूर्वाधार

स्विकृत वा तोकिए अनुसार भए नभएको समेत निरीक्षण गर्नु पर्नेछ ।

७.११ गुणस्तरमा कैफियत देखिई पम्प र भण्डारण टैंक सिल गर्दा एक पदार्थको एक भन्दा बढी पम्प र टैंक छ भने सबैमा शील गर्नुपर्नेछ ।

७.१२ निरीक्षणको सन्दर्भमा सरकारी निकायबाट गठन भएको निरीक्षण/अनुगमन टोलीमा निगमबाट पनि प्रतिनिधि माग भई आएमा खटाउन सकिनेछ ।

७.१३ यस दफा वमोजिम निरिक्षण गर्दा आवश्यकतानुसार अनुसूची १० वमोजिम मुचुल्का खडा गर्नु पर्नेछ ।

## ८. क्षेत्रीय प्रमुखको काम, कर्तव्य र अधिकार :

गुणस्तर नियन्त्रण सम्वन्धमा क्षेत्रीय प्रमुखको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

८.१ आफ्नो क्षेत्रको लागि प्राप्त हुने पेट्रोलियम पदार्थको ढुवानी, संचय र विक्री वितरण गर्दा निगमले तोके अनुरुपको गुणस्तर कायम राख्ने र राख्न लगाउने दायित्व क्षेत्रीय प्रमुखको हुनेछ ।

८.२ प्रत्येक डिपोमा पेट्रोलियम पदार्थ प्राप्त गर्दा अनुसूची ७ वमोजिमको लगवुक भरी अद्यावधिक राख्नु पर्ने छ ।

८.३ विभागले जारी गरेको परिपत्र, नियम, आदेश तथा निर्देशन आफ्नो क्षेत्रमा लागु गर्ने गराउने जिम्मेवारी क्षेत्रीय प्रमुखको हुनेछ ।

८.४ निरीक्षणको क्रममा गुणस्तरमा कैफियत वा ह्रास हुन गएको पाइएमा तत्काले सम्बन्धित पेट्रोलियम पदार्थको आपूर्ति तथा बिक्री वितरणमा रोक लगाई सो को लिखित जानकारी विभागलाई दिनु पर्नेछ र विभागले आवश्यक जाँचवुझ गरी विनियम अनुसार कारवाही गर्नु गराउनु पर्नेछ ।

८.५ आफ्नो क्षेत्रमा रहेका डिपोहरुबाट पाक्षिक रुपमा प्रत्येक भण्डारण टैंकमा रहेको पेट्रोलियम पदार्थको नमूना लिई प्रयोगशालामा परीक्षण गराई सो को नतिजा विभागमा अनिवार्य रुपमा पठाउनु पर्नेछ ।

८.६ पेट्रोलियम पदार्थ ढुवानी गर्ने टैंकट्रकको फिटिङ्ग, ईपिकोट , मापाकंन तथा बिक्रेताकहाँ रहेको टैंक जाँच गर्नु गराउनु पर्नेछ ।

८.७ पेट्रोलियम पदार्थको गुणस्तर सम्बन्धमा कुनै उजुरी परेमा छानविन गर्ने, गर्न लगाउने र सो को जानकारी तुरुन्त विभागमा दिनु पर्नेछ ।

८.८ विक्रेताकहाँ निरीक्षण गर्दा पेट्रोलियम पदार्थको गुणस्तरको अलावा नापतौल ठिक भए नभएको तथा निगमबाट विक्री वितरण गरिएको वाहेकको पेट्रोलियम पदार्थ भए नभएको समेत निरीक्षण गर्न गराउन सक्नेछ ।

८.९ विक्रेताले राखेको डिस्पेन्सिङ पम्पको मिटर तथा नापतौल ठिक नपाइएको अवस्थामा क्षेत्रीय प्रमुखले सो को जानकारी गुणस्तर तथा नापतौल कार्यालयलाई अविलम्ब गराउनु पर्नेछ ।

८.१० आफ्नो मातहतमा रहेका डिपोहरुको नियमित निरीक्षण तथा अनुगमन गर्नु गराउनु पर्नेछ ।

८.११ आफ्नो क्षेत्र भित्र पेट्रोलियम पदार्थको गुणस्तर कायम राख्ने क्रममा गरिएका काम कारवाहीको प्रतिवेदन विभागमा नियमित रुपमा पठाउनु पर्नेछ ।

८.१२ केन्द्रवाट गएको निरीक्षण टोलीलाई निरीक्षणको क्रममा गुणस्तर जाँच गर्न दिने, नमूना लिन दिने, मागेको विवरण उपलव्ध गराउने दायित्व क्षेत्रिय प्रमुखको हुनेछ ।

८.१३ क्षेत्रभित्र भएको डिपोको प्रयोगशालालाई व्यवस्थित गरी प्रयोगशालामा रहेका उपकरणहरुलाई प्रमाणित (calibration) गराइ राख्नु पर्नेछ ।

८.१४ दफा १२ वमोजिम कार्य गर्नु गराउनु पर्नेछ ।

## ९. डिपो प्रमुखको काम, कर्तव्य र अधिकार :

डिपो प्रमुखको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

९.१ आफ्नो डिपोको लागि प्राप्त हुने पेट्रोलियम पदार्थको ढुवानी, संचय र बिक्री वितरण गर्दा निगमले तोके अनुरुप गुणस्तर कायम राख्ने र राख्न लगाउने दायित्व डिपो प्रमुखको हुनेछ ।

९.२ प्रत्येक डिपोले पेट्रोलियम पदार्थ प्राप्त गर्दा अनुसूची ७ बमोजिमको लग बुक अनिवार्य रुपमा भरी अद्यावधिक राख्नु पर्नेछ ।

९.३ निरीक्षणको क्रममा कैफियत पाइएमा वा गुणस्तरमा ह्रास हुनगएको पाइएमा तत्काले सम्बन्धित पेट्रोलियम पदार्थको आपूर्ति तथा बिक्री वितरणमा रोक लगाई सो को लिखित जानकारी विभागलाई दिनु पर्नेछ र विभागले आवश्यक जाँचबुझ गरी यस विनियम अनुसार कार्य गर्नु गराउनु पर्नेछ ।

९.४ आफ्नो डिपोबाट पाक्षिकरुपमा प्रत्येक भण्डारण टैंकमा रहेको पेट्रोलियम पदार्थको नमूना लिई प्रयोगशालामा परीक्षण गराई सो को नतिजा विभागमा अनिवार्य रुपमा पठाउनु पर्नेछ ।

९.५ बिक्रेताकहाँ रहेको टैंकको फिटिङ्ग तथा पेट्रोलियम पदार्थ ढुवानी गर्ने टैंकलरीहरूको फिटिङ्ग,मापाकंन तथा ईपिकोट (Epicoat) को समय समयमा जाँच गर्नु पर्नेछ । मापाकंन भएका टैंकलरीहरूको मात्र प्रयोग गर्नु गराउनु पर्नेछ ।

९.६ पेट्रोलियम पदार्थको गुणस्तर सम्बन्धमा कुनै उजुरी परेमा छानविन गर्ने, गर्न लगाउने र सो को जानकारी तुरुन्त विभागमा दिनु पर्नेछ ।

९.७ विक्रेताकहाँ निरीक्षण गर्दा पेट्रोलियम पदार्थको गुणस्तरको अलावा डिस्पेन्सिङ्ग पम्पको नापतौल ठिक भए नभएको तथा निगमबाट विक्री वितरण गरिएको वाहेकको पेट्रोलियम पदार्थ भए नभएको समेत निरीक्षण गर्न गराउन सक्नेछ ।

९.८ विक्रेताले राखेको डिस्पेन्सिङ्ग पम्पको मिटर तथा नापतौल ठिक नपाइएको अवस्थामा डिपो प्रमुखले सो को जानकारी गुणस्तर तथा नापतौल कार्यालयलाई अविलम्व गराउनु पर्नेछ ।

९.९ केन्द्रवाट गएको निरीक्षण टोलीलाई निरीक्षणको क्रममा गुणस्तर जाँच गर्न दिने, नमूना लिन दिने, मागेको विवरण उपलव्ध गराउने दायित्व डिपो प्रमुखको हुनेछ ।

९.१० डिपोको प्रयोगशालालाई व्यवस्थित गरी प्रयोगशालामा रहेका

उपकरणहरुलाई प्रमाणित गराई राख्नु पर्नेछ ।

९.११ विभागले जारी गरेको परिपत्र, नीति निर्देशनको पालना गर्ने गराउने जिम्मेवारी डिपो प्रमुखको हुनेछ ।

९.१२ डिपोंले पेट्रोलियम पदार्थको गुणस्तर कायम राख्ने क्रममा गरेको काम कारवाहीको प्रतिवेदन विभागमा नियमित रुपमा पठाउनुपर्नेछ ।

९.१३ दफा १२ वमोजिमको कार्य गराउनु पर्नेछ ।

१०. <u>विक्रेताको दायित्व :</u>

विक्रेताको दायित्व देहाय बमोजिम हुनेछ :

१०.१ निगमको बिक्रेता नियमावली तथा यस विनियमको अधिनमा रही विक्रेताले निगमवाट उपलब्ध गराइएको गुणस्तर बमोजिमको पेट्रोलियम पदार्थ विक्री वितरण गर्नु पर्नेछ ।

१०.२ बिक्रेताले निगमको डिपो/बिक्री बिन्दुबाट पेट्रोलियम पदार्थको गुणस्तर हेरी बुझी लगेपछि फरक भएमा सम्पूर्ण दायित्व बिक्रेताको हुनेछ ।

१०.३ आफुकहाँ रहेको पेट्रोलियम पदार्थको गुणस्तर सम्बन्धी सम्पूर्ण जिम्मेवारी विक्रेता स्वयंको हुनेछ ।

१०.४ विक्रेताले दफा १५ बमोजिम बुझिलिएको नमूना आफुसंग सुरक्षित राख्नु पर्नेछ । विभागले निरीक्षण परीक्षणको लागि खोजी गरेको बखत सो नमूना उपलब्ध गराउनु पर्नेछ ।

१०.५ विक्रेताले आफ्नो भण्डारण टैंकमा पेट्रोलियम पदार्थ खन्याउंदा साबिक मौज्दातको विवरण अनुसूची ६ बमोजिम तोकिएको ढाँचामा स्पष्टरूपमा उल्लेख गरि रेकर्ड राख्नु पर्नेछ ।

१०.६ गुणस्तर निरीक्षण गर्न आउने घुम्ती टोली अथवा निरीक्षण अधिकृतलाई पेट्रोलियम पदार्थको गुणस्तर निरीक्षण गर्ने कार्यमा आवश्यक सहयोग गर्नुपर्नेछ ।

१०.७ विक्रेताले निगमबाट प्राप्त पेट्रोलियम पदार्थ मात्र आफुकहाँ विक्री वितरण गर्नु पर्नेछ ।

१०.८ निगमले विक्री वितरण गर्न रोक लगाएमा विक्रेताले सो आदेशको अनिवार्य रुपले पालना गर्नु पर्नेछ ।

१०.९ पेट्रोलियम पदार्थको गुणस्तरको सम्बन्धमा दिइएको आदेश

निर्देशनको पालना विक्रेताले गर्नु पर्नेछ ।

१०.१० निरिक्षणको सिलसिलामा निगमको पदाधिकारीहरुवाट माँग गरिएका कागजात एवं सूचनाहरु उपलव्ध गराउनु विक्रेताको कर्तव्य हुनेछ ।

१०.११ विक्रेताले वर्षमा एक पटक आफ्नो भण्डारण टैंकको सफाई अनिवार्य रुपले गरी सो को रेकर्ड राख्नु पर्नेछ

१०.१२ गुणस्तरहीन पेट्रोलियम पदार्थको विक्री वितरण गरी आम उपभोक्तालाई हानी नोक्सानी पुग्न गएमा सो को जवाफदेही सम्वन्धित विक्रेताको हुनेछ ।

१०.१३ विक्रेताले आफ्नो नाममा निगमसँग खरिद गरि ल्याएको पेट्रोलियम पदार्थ अरु विक्रेतालाई दिनु वा बिक्री गर्नु हुदैन।

१०.१४ कुनै उपभोक्ताले खरिद गरेको पेट्रोलियम पदार्थको गुणस्तर सम्बन्धमा उपभोक्ताको केही जिज्ञासा/गुनासो भएमा सो को समाधान गर्ने जिम्मेवारी समेत सम्बन्धित बिक्रेताकै हुनेछ ।

१०.१५ बिक्रेताको बिक्रिस्थलमा रहेको सबै भण्डारण टैंक, पाईपलाईन र फिटिंग्सको नक्सा (Layout) निगमलाई बुझाउनु पर्नेछ र कुनै परिवर्तन भएमा सो अनुसारको संशोधित नक्शा ७ दिन भित्र निगममा पेश गर्नु पर्नेछ । उक्त **Layout** को चेकजाँच जुनसुकै समयमा गर्न सकिने छ ।

## ११. ढुवानीकर्ताको दायित्व :

ढुवानीकर्ताको दायित्व देहाय बमोजिम हुनेछ :

११.१ ढुवानीकर्ताले निगमको वा निगमले बिक्री गरेको पेट्रोलियम पदार्थ मात्र ढुवानी गर्नु पर्नेछ । सो वाहेक अन्य कुनै पनि पदार्थ ढुवानी गर्न/गराउन हुँदैन ।

११.२ ढुवानीकर्ताले अनिवार्य रुपमा आफ्नो टैंकलरीको निगमले तोके अनुसार ईपिकोट (**Epicoat**) गराउनु पर्नेछ ।

११.३ ढुवानीकर्ताले आफुले वुझि लिएको पेट्रोलियम पदार्थको गुणस्तर वमोजिम नै सम्वन्धित डिपो वा बिक्रेतालाई बुझाउनु पर्नेछ ।

११.४ ढुवानीकर्ताले आफ्नो टैंकलरीको वर्षको एक पटक अनुसूची ८ वमोजिम क्षेत्रीय / डिपो कार्यालयबाट जाँच गराई सो को

प्रमाणित गराई राख्नु पर्नेछ । पेट्रोलियम पदार्थको ढुवानी गर्दा गुणस्तरमा ह्रास ल्याउने र अन्य कुनै स्थानमा अनधिकृत तवरले टैंकट्रकवाट तेल झिक्ने वा राख्ने कार्य गर्नु गराउनु हुदैन

११.५ निगमले आयात गरेको वा निगमको एक डिपोवाट अर्को डिपोमा स्टक ट्रान्सफर गरी पठाइएका पेट्रोलियम पदार्थहरु मध्ये पेट्रोल र डिजलको हकमा टैंकलरी लोड भई सिलवन्दी गर्नु अगावै नमूना (Reference Sample) लिनु पर्नेछ । नमूना एक प्रति ढुवानीकर्ताले पेट्रोलियम पदार्थ प्राप्त गर्ने डिपोमा वुझाउनु पर्नेछ ।

११.६ आफुले ढुवानी गरि ल्याएको पेट्रोलियम पदार्थको गुणस्तर जाँच गर्न आउने घुम्तिटोली वा निरीक्षण अधिकृतलाई जाँच गर्न दिनु पर्नेछ ।

११.७ ढुवानीकर्ताले निगमले जारी गरेको आदेश तथा निर्देशनको अनिवार्य रुपमा पालना गर्नुपर्नेछ ।

११.८ निगमले जाँच गर्दा टैंकट्रकको भित्री चेम्वरको इपिकोट, फिटिङ्गस र रंग रोगन फेल भएमा ढुवानी बन्द गर्न लगाई सुधार गर्न आदेश दिनेछ । सो ठीक भएपछि ढुवानी वन्द फुकुवा गर्नेछ ।

## १२. डिपोको भण्डारण टैंक संचालन गर्ने सम्बन्धी व्यवस्था :

निगमको डिपोको भण्डारण टैंक संचालन गर्ने जिम्मेवारी पाएको व्यक्तिको जिम्मेवारी देहाय बमोजिम हुनेछ

१२.१ पेट्रोलियम पदार्थ भण्डारण गर्ने टैंकहरुको सरसफाई तथा संचालन प्रकिया निगमद्वारा मान्यता प्राप्त Quality Control र Operation Manual ले निर्धारण गरे अनुरुप हुनुपर्नेछ ।

१२.२ बक्स स्ट्रेनर (**Box strainer**) कम्तीमा महिनाको एक पटक सफा गरी रेकर्ड दुरुस्त राख्नुपर्नेछ ।

१२.३ बक्स स्ट्रेनर,भल्व (Valve) तथा पाईपलाइन (Pipelines) हरु अप्रेशन म्यानुयलले निर्धारण गरे अनुरुप कलर कोड (Colour Code) भएको हुनुपर्नेछ ।

१२.४ डिपोको सवै भण्डारण टैंक पालैपालो गरी संचालन गर्नु पर्नेछ ।

१२.५ भण्डारण टैंकमा रहेको पेट्रोलियम पदार्थ र पानीको मात्राको मापन अनिवार्य दैनिकरुपमा लिई सो को अभिलेख राख्नु पर्नेछ । सो अभिलेख राखेको नराखेको वारेमा समय समयमा छड्के जाँच गरिनेछ ।

१३. हवाई इन्धन सम्बन्धी व्यवस्था :

१३.१ हवाई इन्धनको गुणस्तर नियन्त्रण सम्बन्धी सम्पूर्ण कार्य निगमद्धारा मान्यता प्राप्त एभिएशन क्वालिटी कन्ट्रोल (Aviation Quality Control) र एभिएशन अपरेशन म्यानुअल (Aviation Operation Manual) ले निर्धारण गरे अनुरुप हुनुपर्नेछ ।

१३.२ हवाई इन्धनको भण्डारण टैंकहरु एवं रिफ्यूलर (Refueller) हरुको सरसफाइ तथा संचालन प्रकिया निगमद्धारा मान्यता प्राप्त एभिएशन क्वालिटी कन्ट्रोल म्यानुअल तथा एभिएशन अप्रेशन म्यानुअलमा उल्लेख भए अनुरुप हुनुपर्नेछ ।

१४. पेट्रोलियम पदार्थको ढुवानी सम्बन्धी व्यवस्था :

१४.१ पेट्रोलियम पदार्थ ढुवानी गर्ने टैंकट्रकमा एक मात्र पदार्थ ढुवानी गर्नुपर्नेछ। कारणवश अर्को पदार्थ ढुवानी गर्न आवश्यक भएको खण्डमा क्वालिटी कन्ट्रोल म्यानुयल वमोजिम गर्नु पर्नेछ ।

१४.२ टैंकट्रकहरुमा पेट्रोलियम पदार्थको मिक्स लोड (Mixed Load) गराउन पाईने छैन तर विशेष अवस्था परेको खण्डमा यो नियम लागु हुने छैन ।

१५. पेट्रोलियम पदार्थको नमुना (Sample) लिने व्यवस्था :

१५.१ पेट्रोलियम पदार्थ विक्री गर्दा वा निगमले एक डिपोवाट अर्को डिपोमा स्टक ट्रान्सफर (Stock Transfer) गरी पठाउँदा पठाउने डिपोले सोही दिनमा पेट्रोलियम पदार्थ विक्री गरेको टैंकको एक प्रति श्रोत नमुना (Mother Sample) झिकी कम्तिमा १५ दिन सम्म सुरक्षित राख्नु पर्ने छ ।

१५.२ निगमले आयात गर्ने पेट्रोलियम पदार्थहरु मध्ये डिजल र पेट्रोलको हकमा टैंकलरी लोड गरी सिल गर्नुभन्दा अगावै प्रत्येक टैंकलरीमा रहेको पेट्रोलियम पदार्थको दुई थान

(Reference) नमूना लिई त्यसलाई सिल गरी एक प्रति सम्बन्धित पदार्थ प्राप्त गर्ने डिपोमा पठाउने र अर्को प्रति आफूसँग सो टैंकलरी खालि नभएसम्म सुरक्षित राख्नु पर्नेछ। यस्तो नमूना लिदा अनुसूचि ५ अनुसार गर्नुपर्नेछ।

१५.३ डिपोबाट विक्रेतालाई पेट्रोलियम पदार्थ विक्री गर्दा डिजल र पेट्रोलको हकमा टैंकलरी लोड गरी सिल गर्नुभन्दा अगावै प्रत्येक टैंकलरीमा रहेको पेट्रोलियम पदार्थको दुई थान कम्पोजिट (Composite) नमूना लिई त्यसलाई सिल गरी एक प्रति सम्बन्धित विक्रेतालाई र अर्को प्रति आफूसँग कम्तिमा १५ दिनसम्म सुरक्षित राख्नु पर्नेछ। यस्तो नमूना लिदा डिपो प्रमुख वा अप्रेशन अधिकृत र बिक्रेता वा निजको प्रतिनिधिले उक्त नमूना राखिएको भाँडोमा अनसूचि ९ वमोजिमको स्याम्पल ट्याग भरि दस्तखत गरेको हुनु पर्नेछ।

१५.४ डिपोबाट पेट्रोलियम पदार्थ स्टक ट्रान्सफर गरि पठाउँदा समेत दफा १५.३ बमोजिम गर्नु पर्नेछ।

१५.५ निरिक्षण अधिकृतले विक्रेता कहाँ रहेको पेट्रोलियम पदार्थको नमूना लिनु पर्दा दुई थान नमूना लिई सिलगरी एक प्रति सम्वन्धित विक्रेता र अर्को प्रति निगममा (केन्द्रको हकमा विभाग र क्षेत्रको हकमा सम्वन्धित क्षेत्रिय कार्यालय वा डिपोमा) ल्याउनु पर्नेछ । यस्तो नमूना लिदा निरीक्षण अधिकृत र विक्रेता वा निजको प्रतिनिधिले अनुसची ५ वमोजिम हस्ताक्षर गरेको हुनु पर्नेछ।

## १६. पेट्रोलियम पदार्थको नमूना (Sample) लिने प्रक्रिया :

गुणस्तर परिक्षणको लागि नमूना लिंदा निम्नअनुसार गर्नु पर्नेछ :

१६.१ पेट्रोलियम पदार्थको नमूना राख्ने भाँडा (Sample Container) कम्तिमा १ (एक) लिटर क्षमताको आल्मुनियम वा स्टील वा काँच

(Glass) वाट वनेको, बिर्को लगाउन र सिल गर्न सकिने व्यवस्था भएको हुनु पर्नेछ । नमूना राख्ने भाँडा (Sample Container) नमूना राखिनु अघि सोही पेट्रोलियम पदार्थवाट सफा गर्नु पर्नेछ।

१६.२ टैंकट्रकवाट ढुवानी भई आएको पेट्रोलियम पदार्थको नमुना

लिंदा प्रत्येक च्याम्वर (Chamber) वाट १०/१० लिटरमा नवढने गरी Drain (भिकेर) गरेर मात्र नमुना लिनु पर्ने छ। प्रत्येक च्याम्वरवाट अलग अलग नमुना लिनु पर्ने छ।

१६.३ डिपोमा पेट्रोलियम पदार्थ प्राप्त गर्दा टैंकट्रकको पींधमा (Bottom Sample) रहेको पेट्रोलियम पदार्थको साथै माथिल्लो सतहको (Top Sample) पनि नमूना लिनु पर्नेछ।

१६.४ पम्प भएको विक्रेताको पेट्रोलियम पदार्थको नमूना लिंदा साधारणतया पम्पको नोजल (Nozzle) वाट आउने पेट्रोलियम पदार्थको नमूना लिनु पर्नेछ । आवश्यकता अनुसार विक्रिस्थलमा भएको टैंकको नमुना लिई चेक गर्न पनि सकिने छ।

१६.५ विक्रेताको भण्डारण टैंकको नमूना लिनु पर्दा टैंकको डेड स्टक (Dead Stock) भन्दा माथिको नमूना लिनु पर्नेछ।

१६.६ पेट्रोलियम पदार्थका नमूना राख्नु पर्दा सेम्पल वक्समा सिल गरी राख्नु पर्नेछ।

१६.७ यस बिनियममा तोकिएको प्रकृया पुऱ्याई लिईएको पेट्रोलियम पदार्थको नमूना प्राप्त हुन आएमा निगमले परिक्षण गर्नेछ तर कुनै कारणबश नमूना परिक्षण गर्न नसकिने अवस्थामा सो को जानकारी सम्वन्धित निकायलाई दिनु पर्नेछ।

१७. नमना लिने भाडा (Sample Container) राख्ने सेम्पल वक्स (Sample Box) को व्यवस्था :

१७.१ नमूना राख्ने व्यवस्थाको लागि सेम्पल वक्स वनाउँदा काठको वाकस भित्र आल्मूनियमको भाँडा, स्टीलको वा सिसाको भाँडामा राखी सिल गर्ने व्यवस्था हुनु पर्नेछ।

१७.२ प्रत्येक विक्रेता/ढुवानीकर्ताले प्रत्येक पेट्रोलियम पदार्थको लागी कम्तीमा दुइ थान सेम्पल वक्स राख्नु पर्नेछ।

१८. पेट्रोलियम पदार्थको गुणस्तर जााच गर्ने प्रक्रिया :

१८.१ पेट्रोलियम पदार्थको गुणस्तर जाँच गर्नु अघि जाँच गर्ने भाँडा (Cylindrical Jar) जाँचिने पेट्रोलियम पदार्थवाट सफा गर्नु पर्नेछ। त्यसपछि मात्र सम्वन्धित पेट्रोलियम पदार्थको जाँच गर्नु पर्नेछ।

१८.२ साधारणतया विक्रेता कहाँ गई पेट्रोलियम पदार्थ जाँच गर्दा डिस्पेन्सिङ पम्प भएको हकमा नोजलबाट र पम्प नभएको हकमा पेट्रोलियम पदार्थ भण्डारण गरिएको भाँडाबाट नमूना लिनु पर्नेछ ।

१८.३ निरिक्षण अधिकृतले पेट्रोलियम पदार्थको नमूना ल्याउनु परेमा दफा १७.१ अनुसार सफा गरेको नमूना लिने भाँडाहरुमा दुईवटा नमूना लिनु पर्नेछ । एउटा नमूना विक्रेता/ढुवानीकर्ता लाई दिनु पर्नेछ र अर्को परीक्षणको लागी ल्याउनु पर्नेछ । उक्त नमूना राखिएको भाँडोमा संलग्न अनसूचि ९ वमोजिमको स्याम्पल ट्याग भरि निरीक्षण गर्न जाने व्यक्ति र विक्रेता/ढुवानीकर्ता वा निजको प्रतिनिधिले दस्तखत गरेको हुनु पर्नेछ । नमूना परिक्षण गर्दा विक्रेता/ढुवानीकर्ताले चाहेमा निज वा निजको प्रतिनिधिको रोहबरमा परिक्षण गर्न सकिने छ ।

१८.४ डिपोको भण्डारण टैंकमा रहेको पेट्रोलियम पदार्थको गुणस्तर परीक्षण गर्दा Bottom/Mid level र Top Level को नमूनाको जाँच गरी रेकर्ड राख्नु पर्नेछ ।

१८.५ टैंकट्रकवाट पेट्रोलियम पदार्थ प्राप्त गर्दा तापक्रम लस (Temperature Loss) हिसावको लागी Mid Level को तापक्रमको आधारमा गर्नु पर्नेछ । गुणस्तर जाँचको लागी पदार्थ अनुसार Bottom वा Top Level नमूनाको आधारमा गर्नु पर्नेछ ।

१८.६ पेट्रोलियम पदार्थको घनत्व परिक्षण गर्दा, तुलना गर्दा र रेकर्ड गर्दा American Society of Testing Materials (ASTM) को घनत्व तालिका (Density Reduction Chart) प्रयोग गर्नु पर्नेछ ।

## १९. विक्रेता/ढुवानीकर्ताकहां रहेको नमूनाको परिक्षण वा बिश्लेशण गर्न सकिने व्यवस्था :

विक्रेता/ढुवानीकर्ताकहां रहेको नमूनाको भने नेपाल सरकारको उपभोक्ता संरक्षण नियमावलि २०५६ को दफा ३२ अनुसार पुन: परिक्षण वा बिश्लेशण हुन सक्नेछ ।

## २०. पेट्रोलियम पदार्थ प्राप्ति (Receiving) गर्ने सम्वन्धी व्यवस्था :

२०.१ डिपोमा पेट्रोलियम पदार्थ प्राप्त गर्दा पेट्रोलियम पदार्थ पठाउने डिपो (Despatching Depot) ले उल्लेख गरेको घनत्व र पेट्रोलियम पदार्थ प्राप्त गर्ने डिपो (Receiving Depot) मा प्राप्त भएको पेट्रोलियम पदार्थको १५$^{O}$ सेण्टीग्रेडमा घनत्वको फरक ±०.००२५ ग्राम/से.मी.$^{३}$ सम्म मात्र ग्राह्य हुनेछ। सो अनुसार भएको नपाइएमा पेट्रोलियम पदार्थको नमूना लिई आवश्यक कारवाहीको लागी विभागमा पठाउनु पर्नेछ । विभागवाट आवश्यक निर्देशन प्राप्त नगरे सम्म टैंकलरीमा भएको पेट्रोलियम पदार्थ सिल गरी राख्नु पर्नेछ

२०.२ दफा २०.१ मा जे जस्तो व्यवस्था भएतापनि पेट्रोलको हकमा भने घनत्वको अलावा अन्तिम उम्लने विन्दु (**Final Boiling Point-FBP**) को पनि परीक्षण गर्नुपर्नेछ। डिस्प्याचिङ्ग (Despatching ) डिपोको नमूना र प्राप्त गर्ने डिपोमा प्राप्त भएको पेट्रोलको नमूना परीक्षण गर्दा अन्तिम उम्लने विन्दुको (Final Boiling Point-FBP) फरक वढिमा ४ डिग्री से. सम्म मात्र ग्राह्य हुनेछ। सो अनुसार भएको नपाइएमा सो को नमूना लिई आवश्यक कारवाहीको लागी विभागमा पठाउनु पर्नेछ र विभागीय निर्देशन प्राप्त नभएसम्म टैंकलरीको पेट्रोल सिल गरी टैंकलरी खडा राख्नु पर्नेछ ।

२०.३ माथि दफा २०.२ मा जे जस्तो व्यवस्था भए तापनि निगमबाट आयात भएको पेट्रोलको अन्तिम उम्लने विन्दु २००$^{O}$ से. भन्दा वढि देखिएको खण्डमा विभागमा जानकारी गराई स्वीकृति लिएपछि मात्र टैंकट्रक खालि गर्नु वा वजारीकरण गर्नुपर्नेछ ।

२०.४ पेट्रोलियम पदार्थ प्राप्त गर्ने डिपोले (Receiving Depot) अनुसूची- ७ बमोजिम पेट्रोल र डिजलको गुणस्तर विवरणको लग वुक (Log Book) राख्नु पर्नेछ ।

## २१. पेट्रोलियम पदार्थ पठाउने (Despatching) सम्वन्धी व्यवस्था :

२१.१ डिपोले पेट्रोलियम पदार्थ विक्रि गर्दा वा स्टक ट्रान्सफर गर्दा चलानमा पेट्रोलियम पदार्थको घनत्व/तापकम अनिवार्य रुपमा उल्लेख गर्नु पर्नेछ। पेट्रोलको हकमा भने घनत्व/तापकमको अतिरिक्त अन्तिम उम्लने विन्दु (FBP) समेत उल्लेख गर्नुपर्नेछ ।

२१.२ डिपोबाट पेट्रोलियम पदार्थ विक्रि गर्दा वा स्टक ट्रान्सफर गर्दा जुन टैंकबाट लोड दिने हो सो बाट अप्रेशन शुरु हुनु अघि नमूना झिकी डिपो प्रमुख वा अप्रेशन अधिकृतबाट प्रमाणित गरी कम्तिमा १५ दिनसम्म मिति रेकर्ड गरी सुरक्षित राख्नु पर्नेछ। यसरी झिकिएको नमुनालाई श्रोत नमुना (Mother Sample) सम्झनु पर्दछ ।

२१.३ दैनिक अप्रेशन कार्य गर्दा डिपोहरुले पेट्रोलियम पदार्थ प्राप्त गर्ने र विक्री वितरण गरि पठाउने कार्य साधारणतया वेग्ला वेग्लै भण्डारण टैंकबाट गर्नुपर्नेछ। तर एउटा मात्र भण्डारण टैंक भएको खण्डमा यो कुरा लागु हुने छैन ।

२१.४ पेट्रोलको हकमा निगमको भण्डारण टैंकमा पेट्रोल खालि गरीसकेपछि त्यसको अन्तिम उम्लने विन्दु को परीक्षण र व्याच नम्वर (Batch Number ) कायम गरीसकेपछि मात्र बिक्री वितरण गर्नुपर्नेछ ।

## २२. कारवाही सम्वन्धी व्यवस्था

यस विनियम अनुरुप आफ्नो दायित्व पुरा नगर्ने उपर दायित्व पुरा नगरेवाट निगम लाई हुने हानी नोक्सानी रोक्न र स्तरयुक्त पेट्रोलियम पदार्थको बिक्रि वितरण गराउन निम्न वमोजिम कारवाही गरिनेछ ।

२२.१. विक्रेताको विकिस्थलवाट लिईएको तथा ढुवानीकर्ताले ढुवानी गरेर ल्याएको पेट्रोलको नमूना परिक्षण गर्दा प्राप्त हुने अन्तिम उम्लने विन्दु (FBP) श्रोत नमुनाको अन्तिम उम्लने विन्दुसँग तुलना गरीने छ । यसरी तुलना गर्दा विक्रेताको विकिस्थलवाट लिईएको/ ढुवानीकर्ताले ढुवानी गरेर ल्याएको पेट्रोलको अन्तिम उम्लने विन्दु (FBP) र श्रोत नमुनाको

पेट्रोलको नमूना परिक्षण गर्दा प्राप्त हुने अन्तिम उम्लने विन्दु (FBP) को फरक वढिमा ४° सेन्टीग्रेड सम्म मात्र ग्राह्य हुनेछ ।

२२.२. विक्रेताको बिकिस्थलवाट लिईएको वा ढुवानीकर्ताले ढुवानी गरेर ल्याएको डिजेलको नमूना परिक्षण गर्दा प्राप्त हुने काईनामेटिक भिस्कोसीटी (Kinematic Viscosity) श्रोत नमुनाको काईनामेटिक भिस्कोसीटी सँग तुलना गरीने छ । यसरी तुलना गर्दा विक्रेताको विकिस्थलवाट लिईएको वा ढुवानीकर्ताले ढुवानी गरेर ल्याएको डिजेलको काईनामेटिक भिस्कोसीटी र श्रोत नमुनाको काईनामेटिक भिस्कोसीटीको फरक वढिमा -०.१५ सेण्टीस्टोक्स (Cst) सम्म मात्र ग्राह्य हुनेछ ।

२२.३ डिपोमा रहेको पेट्रोलियम पदार्थ स्पेशिफिकेशन अनुसार नपाइएमा सम्वन्धित क्षेत्रीय/डिपो प्रमुख, अप्रेशन अधिकृत र सम्वन्धित अन्य कर्मचारी उपर छानविन गरी निगमको कर्मचारी प्रशासन नियमावलि २०६३ बमोजिम कार्वाही हुनेछ ।

२२.४. <u>विक्रेतालाई हुने कारवाही सम्वन्धी व्यवस्था :</u>

२२.४.१. (क) विक्रेतासंग रहेको पेट्रोलको स्पेसिफिकेशन नाघेमा पहिलो पटकलाई ३ महिनाको लागि पेट्रोलको आपूर्ति तथा विक्री वितरण गर्न रोक लगाईनेछ । दोश्रो पटक पनि पेट्रोलको स्पेसिफिकेशन नाघेमा त्यस्ता विक्रेतालाई ६ महिनाको लागि पेट्रोलको आपूर्ति तथा विक्री वितरण गर्न रोक लगाईने छ । तेश्रो पटक पनि पेट्रोलको स्पेसिफिकेशन नाघेमा डिलरसिप रद्द हुनेछ ।

(ख) विक्रेतासंग रहेको डिजेलको स्पेसिफिकेशन नाघेमा पहिलो पटकलाई ३ महिनाको लागि डिजेलको आपूर्ति तथा विक्री वितरण गर्न रोक लगाईनेछ । दोश्रो पटक पनि डिजेलको स्पेसिफिकेशन नाघेमा त्यस्ता विक्रेतालाई ६

महिनाको लागि डिजेलको आपूर्ति तथा विक्री वितरण गर्न रोक लगाईने छ । तेश्रो पटक पनि डिजेलको स्पेसिफिकेशन नाघेमा डिलरसिप रद्द हुनेछ ।

२२.४.२. विक्रेताको बिकिस्थलवाट लिईएको पेट्रोलको नमूना परिक्षण गर्दा प्राप्त हुने अन्तिम उम्लने विन्दु (FBP)निगमले विक्रि गरेको विक्रि विलमा उल्लेखित अन्तिम उम्लने विन्दु भन्दा ४° सेन्टीग्रेड वढी फरक तर स्पेसिफिकेशन लिमिट (अधिकतम २१५° सेन्टीग्रेड) भित्र भएमा त्यस्ता बिक्रेतालाई पहिलो पटक भए १(एक) महिना, दोश्रो पटक भए २ (दुई) महिना, तेश्रो पटक भए ३ (तीन) महिना पेट्रोलको आपूर्ति रोक्का र विक्रि वितरण बन्द गरिने छ । चौथो पटक भएमा डिलरसीप रद्ध हुनेछ । #

२२.४.३. विक्रेताको बिकिस्थलवाट लिईएको डिजेलको नमूनाको काईनामेटिक भिस्कोसीटीको फरक – ०.१५ Cst भन्दा वढि तर स्पेसिफिकेशन भित्र (२.०–५.० सेण्टीस्टोक्स) भएमा त्यस्ता बिक्रेतालाई पहिलो पटक भए १ (एक) महिना, दोश्रो पटक भए २ (दुई) महिना र तेश्रो पटक भए ३ (तीन) महिना डिजेलको आपुर्ति रोक्का र विक्रि वितरण बन्द गरिने छ । चौथो पटक भएमा डिलरसीप रद्ध हुनेछ ।*

२२.४.४. विक्रेताकहाँ रहेको पेट्रोलियम पदार्थ निगमवाट प्राप्त भएको परिमाणभन्दा मौज्दातमा अस्वाभाविक तवरवाट घटी वा वढी देखियो र सो घटीवढी परिमाण अनधिकृत तवरवाट भएको हो भन्ने ठहरेमा पहिलो पटकलाई मट्टितेल भए एक महिना, डिजेल भए दुई महिना र पेट्रोल भए तिन महिना सम्वन्धित पदार्थको आपूर्ति रोक्का र विक्रि वितरण बन्द गरिने छ ।

२२.४.५. पेट्रोलियम पदार्थको डेलिभरी मिटर तोडेको वा सिल चलाएको वा विगारेको भेटिएमा तत्काल त्यस्ता बिक्रेताको पम्प सिल गरी आपूर्ति र विक्रि वितरण रोक्का गरि आवश्यक कारवाहीको लागि नेपाल सरकारको गुणस्तर तथा नापतौल कार्यालयमा लेखि पठाइने छ । निज बिक्रेताको पम्पको नाप जाँच ठिक भएको जानकारी प्राप्त भएपछि आपूर्ति तथा विक्री वितरण फुकुवा गरिने छ ।

२२.४.६. विक्रेताको बिकिस्थलमा रहेको पेट्रोलियम पदार्थको स्पेसिफिकेशन नाघेमा कारवाही अवधी भुक्तान भएपछि सो पेट्रोलियम पदार्थलाई स्पेसिफिकेशनको परिधि भित्र ल्याएर मात्र विक्रि वितरण गर्ने अनुमति दिनु पर्छ ।

.......................................................................................

......

# उदाहरणार्थ निगमले पेट्रोल उपलब्ध गराउदा सो ब्याचको पेट्रोलको अन्तिम उम्लने विन्दु (FBP) १८०° सेन्टीग्रेड रहेछ भने १८४° सेन्टीग्रेड सम्म मात्र ग्राह्य हुनेछ । सो भन्दा बढि भई स्पेसिफिकेशन लिमिट (अधिकतम २१५° सेन्टीग्रेड) भित्र रहेता पनि गुणस्तरमा ऱ्हास ल्याएको मानी विक्रेतालाई कारवाहि हुनेछ ।

*उदाहरणार्थ निगमले डिजल उपलब्ध गराउदा श्रोत नमुनाको काईनामेटिक भिस्कोसीटी (Kinematic Viscosity) २.४५ सेण्टीस्टोक्स रहेछ भने २.३० सेण्टीस्टोक्स सम्म मात्र ग्राह्य हुनेछ । सो भन्दा घटी भई स्पेसिफिकेशन लिमिट (न्युनतम २.० सेन्टीस्टोक्स) भित्र रहेता पनि गुणस्तरमा ऱ्हास ल्याएको मानी विक्रेतालाई कारवाहि हुनेछ ।

२२.४.७. विक्रेताले गुणस्तरहीन पेट्रोलियम पदार्थ विक्रि वितरण गरि सर्वसाधारणलाई हानि नोक्सानि पुग्न गएमा सो को जिम्मेवारी र दायित्व सम्बन्धित बिक्रेताले नै व्यहोर्ने छ ।

२२.४.८. गुणस्तर सम्बन्धी कारवाहीमा परी आपूर्ति तथा विक्रि वितरण बन्द भएको अवस्थामा विक्रेताले निगमको सिल

चलाएको वा बिगारेको वा अनधिकृत रुपमा पेट्रोलियम पदार्थ ल्याई विक्री वितरण गरेको पाईएमा त्यस्ता विक्रेतालाई थप १ (एक) महिना पेट्रोलियम पदार्थको आपूर्ति रोक्का तथा विक्रि वितरण बन्द गरिनेछ ।

२२.४.९. कुनै विक्रेताले कारवाहीको सजाय भोगिरहेका विक्रेतालाई पेट्रोलियम पदार्थ विक्रि वितरण गरेमा पेट्रोलियम पदार्थ उपलब्ध गराउने विक्रेतालाई निगमले पेट्रोलियम पदार्थको सप्लाई पहिलो पटक भए एक महिना , दोश्रो पटक भए दुई महिना तथा तेश्रो पटक देखि प्रत्येक पटक ६ महिना सम्वन्धित पेट्रोलियम पदार्थको आपूर्ति रोक्का गरिनेछ ।

## २२.५. ढुवानीकर्तालाई हुने कारवाही सम्वन्धी व्यवस्था :

२२.५.१. निगमको ढुवानीकर्ताले पेट्रोल बुझाउन ल्याउँदा सो को अन्तिम उम्लने विन्दु (FBP)पठाउने डिपोको सेम्पलको अन्तिम उम्लने विन्दु (FBP)भन्दा बढिमा ४° सेन्टीग्रेड सम्म ग्राह्य हुनेछ । ४° सेन्टीग्रेड भन्दा बढि तर स्पेसिफिकेशन लिमिट (अधिकतम २१५° सेन्टीग्रेड) भित्र परेमा पहिलो पटक भए ३(तीन) महिना ,दोश्रो पटक भए ६(छ) महिना र तेश्रो पटक देखि प्रत्येक पटक १ (एक) वर्ष सम्म त्यस्तो टैंक ट्रकबाट ढुवानी गर्न दिईने छैन ।

२२.५.२. ढुवानीकर्ताले आफूले ढुवानी गरेको पेट्रोलको अन्तिम उम्लने विन्दु (FBP)स्पेसिफिकेशन नाघेमा पहिलो पटक भए ६ (छ) महिना, दोश्रो पटक भए १ (एक) वर्ष त्यस्तो टैंकट्रकबाट पेट्रोलियम पदार्थ ढुवानी गर्न दिईने छैन र तेश्रो पटक सोही कुरा दोहरिन गएमा ढुवानीको करार/सम्क ौता रद्ध हुनेछ । पुन: टैंकट्रक संचालन गर्ने स्विकृति माग गरेको अवस्थामा कारवाहीको अवधि १ बर्ष नाघेपछि व्यवस्थापनले रु.१ (एक) लाख जरिवाना लिई पुन: टैंकट्रक संचालन गर्न स्विकृत दिन सक्नेछ ।

२२.५.३. निगमको ढुवानीकर्ताले डिजेल बुझाउन ल्याउँदा सो को काईनामेटिक भिस्कोसीटी पठाउने डिपोको सेम्पलको काई नामेटिक भिस्कोसीटी भन्दा -0.१५ cst वढीले

फरक तर स्पेसिफिकेशन भित्र भएमा पहिलो पटक भए ३ (तीन) महिना, दोश्रो पटक भए ६ (छ) महिना र तेश्रो पटक देखि प्रत्येक पटक १ (एक) वर्ष सम्म त्यस्तो टैंकट्रकबाट डिजेल ढुवानी गर्न दिईने छैन ।

२२.५.४. ढुवानीकर्ताले ढुवानी गरेको डिजलको नमुनाको काईनेमाटिक भिस्कोसीटी स्पेसिफिकेशन नाघेमा पहिलो पटक भए ६(छ) महिना, दोश्रो पटक भए १ (एक) वर्ष त्यस्तो टैंकट्रकबाट ढुवानी गर्न दिईने छैन तथा तेश्रो पटक भए त्यस्तो टैंकट्रकको ढुवानीको करार/सम्क ौता रद्ध हुनेछ । पुन: टैंकट्रक संचालन गर्ने स्विकृति माग गरेको अवस्थामा कारवाहीको अवधि १ बर्ष नाघेपछि ब्यवस्थापनले मनासिव देखेमा रु.१ (एक) लाख जरिवाना लिई पुन: टैंकट्रक संचालन गर्न स्विकृत दिन सक्नेछ ।

२२.५.५. ढुवानीकर्ताले ढुवानी गरेर ल्याएको पेट्रोलियम पदार्थ स्पेसिफिकेशन नाघेको अवस्थामा निगमले स्पेसिफिकेशनको परिधि भित्र ल्याएर मात्र बिक्री वितरण गर्नेछ ।

२२.६. (क) दफा १० वमोजिम दायित्व पुरा नगर्ने विक्रेता लाई पहिलो पटक चेतावनी दिइनेछ । दोश्रो पटक पनि दायित्व पुरा नगरेमा २ (दुई) महिना पेट्रोलियम पदार्थको आपूति रोक्का गरिनेछ । तेश्रो पटकदेखि प्रत्येक पटकका लागि यस्तो कार्य दोहोरिएमा ३ (तीन) महिना पेट्रोलियम पदार्थको आपूर्ति रोक्का गरिनेछ ।

(ख) दफा ११ वमोजिम जवाफदेही पुरा नगर्ने ढुवानीकर्तालाई पहिलो पटक चेतावनी दिइनेछ । दोश्रो पटक पनि जवाफदेही पुरा नगरेमा २ (दुई) महिना त्यस्तो टैंकट्रकबाट पेट्रोलियम पदार्थको ढुवानी गर्न दिईने छैन । तेश्रो पटकदेखि प्रत्येक पटकका लागि यस्तो कार्य दोहोरिएमा ३ (तीन) महिना त्यस्तो टैंकट्रकबाट पेट्रोलियम पदार्थको ढुवानी गर्न दिईने छैन ।

२३. <u>कारवाही फुकुवा सम्वन्धी व्यवस्था :</u>

२३.१. आपूर्ति तथा विक्रि वितरण बन्द गरिएको विक्रेताले तोकिएको कारवाही अवधि पुरा गरे पछि पून: कारोवार सञ्चालन गर्नको लागि देहाय वमोजिम जरीवाना रकम तिरी भविष्यमा सर्वसाधारण उपभोक्तालाई गुणस्तरयुक्त पेट्रोलियम पदार्थ उपलब्ध गराईरहने प्रतिबद्धता जनाउने शर्तमा कार्यकारी निर्देशकले पुन: कारोवार गर्न स्विकृति दिनसक्नेछ ।

२३.१.१. दफा २२.४.१. को अवस्थामा प्रथम पटक भए रु. ३,००,०००।– (तीन लाख) दोश्रो पटक भए रु ५,००,०००।- (पांच लाख)

२३.१.२. दफा २२.४.२ तथा २२.४.३ को अवस्थामा प्रथम पटक भए रु. १,००,०००।– (एक लाख), दोश्रो पटक भए रु.३,००,०००।– (तीन लाख) र तेस्रो पटक भए रु. ५,००,०००।– (पांच लाख) ।

२३.१.३. दफा २२.४.४ को अवस्थामा प्रथम पटकलाई मट्टितेल भए रु. १०,०००।– (दस हजार), डिजेल भए रु. २०,०००।– (बिस हजार), पेट्रोल भए रु. ५०,००० ।– (पचास हजार) र दोश्रो पटक भए पहिलो पटकको दोव्वर रकम ।

२३.१.४. नेपाल आयल निगम लिमिटेड, पेट्रोलियम पदार्थ गुणस्तर नियन्त्रण विनियम अनुसार कारवाही भई पम्प/ बिक्रेता बाट खारेज/डिलरसिप रद्ध भईसकेकाको हकमा कारवाही अवधि १ ( एक) बर्ष भुक्तान गरि सकेको अवस्थामा बिक्रेताले साविककै बिक्रीस्थलमा रही पून: निगमको बिक्रेता भई कारोवार संचालन गर्ने स्विकृति माग गरेको अवस्थामा निगममा निवेदन दिई निवेदन शुल्क रु.२५,०००।- (पच्चीस हजार) र जरीवाना बापत रु. ७,५०,००० ।- (सात लाख पचास हजार) गरी एकमुष्ट रु. ७,७५,००० ।- (सात लाख पचहत्तर हजार) निगममा जम्मा गरेमा नियमानुसार कारवाही अवधि ब्यतित भएपछि उपभोक्ताको हितमा ध्यानमा राखी उक्त पम्म संचालन गर्न स्वीकृति दिन सक्नेछ । स्वीकृति दिनु अघि निज बिक्रेताको बिक्रिस्थलको भौतिक पूर्वाधार अनिवार्य

रुपमा निरिक्षण गराइ निगमद्वारा तोकिएको मापदण्ड पुरा गरेमा निजलाई बिक्रेताको रुपमा पून: पेट्रोलियम पदार्थको कारोवार गर्न दिइनेछ ।

२३.२. यस विनियम बमोजिमको जरीवाना रकम नबुझाएसम्म पेट्रोलियम पदार्थको आपूर्ति गरिने छैन ।

२३.३. यस बिनियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि कसुरको किसिम र अवस्था हेरी कुनै पनि बिकेताको निलम्बन कायम राख्ने वा फुकुवा गर्ने अधिकार निगममा सुरक्षित रहनेछ ।

२३.४. जरीवानाबाट प्राप्त हुने रकम मध्ये २५ % रकम निगमले उपभोक्ता हितको लागी वातावरण संरक्षण तथा गुणस्तर अनुगमन सम्बन्धि कार्यमा खर्च गर्नेछ ।

२३.५. दफा २३ वमोजिमको अवस्था वाहेक अरु अवस्थामा जरीवानाको हिसाव गर्दा संचालक समितिले निर्णय गरे बमोजिम हुनेछ ।

२३.६. यस विनियममा जुनसुकै कुरा लेखिएको भएता पनि सम्बन्धित क्षेत्रमा अन्य कुनै बिक्रेता नभई पेट्रोलियम पदार्थको सर्वसुलभ आपूर्तिमा कठिनाई उत्पन्न भएको भनी जिल्ला प्रशासन कार्यालयबाटबाट आपूर्ति सुचारु गर्न सिफारिस भइ आएमा दफा २३ मा तोकिए बमोजिमको जरीवाना लिई विक्रेताको बन्द अवधि अगावै पनि निगमले आपूर्ति तथा विक्री वितरण खोल्ने स्वीकृति दिन सक्नेछ ।

२४. <u>सफाईको मौका</u> :

२४.१ यस विनियम वमोजिम कारवाही गर्दा सफाइको मौका दिइनेछ ।

२४.२ कारवाही सम्वन्धी प्रक्रिया चालु गरेको मितिले ३५ (पैतीस) दिन भित्र पुरा गरिसक्नु पर्नेछ ।

२५. <u>कारवाही गर्ने अधिकारी</u> :

२५.१ दफा २२ बमोजिमको छानविन गरी कारवाहीको लागि बिभागीय प्रमुखले कार्यकारी निर्देशकमा सिफारिस

गर्नुपर्नेछ ।

२५.२ दफा २५.१ वमोजिमको सिफारिस भई आएको विषय उपर कारवाही गर्ने अधिकार कार्यकारी प्रमुख उपर निहित रहनेछ ।

२५.३ माथि दफा २५.२ वमोजिम भएको निर्णयमा चित्त नवुझ्ने पक्षले संचालक समिति समक्ष उजुरी गर्न सक्नेछ । उजूरी पत्र पाएको मितिले ३५ दिन भित्र दिनुपर्नेछं ।

२५.४ यस विनियम अन्तर्गत गरिएको वा गरिने कुनै पनि कुराले प्रचलित नेपाल कानुन वमोजिम हुने कारवाहीमा वाधा पुऱ्याएको मानिने छैन ।

२५.५ यो विनियम लागु भएपछि गुणस्तर नियमन गर्ने र उपभोक्ता संरक्षण ऐन कार्यान्वयन गर्ने आधिकारीक निकायहरु बाट बिक्रेताको पेट्रोलियम पदार्थ सम्वन्धी अनियमितता बारे कारवाही गर्न लेखिआएमा यसै विनियम बमोजिम कारबाही गरीनेछ ।

२६. **कारवाहिको गणना वारे :**
यस विनियम अन्तरर्गत कारवाहिमा पर्ने कुनै विकेता वा ढुवानीकर्ताको हकमा स्थान परिवर्तन, स्वामित्व परिवर्तन वा फर्मको नामसारि भएता पनि यस अघि गुणस्तरको कारवाहिमा परिसकेका भए सो समेतको गणना गरिने छ ।

२७. **संचालक समितिमा पेश गर्नु पर्ने :**
यस विनियममा नपरेका विषयहरु संचालक समितिमा पेश गरिनेछ र संचालक समितिको निर्णय अन्तिम हुनेछ ।

२८. **विनियममा संशोधन एवं थपघट गर्ने :**
संचालक समितिले यस विनियममा आवश्यक संशोधन एवं थपघट गर्न सक्नेछ ।

२९. **विनियम पालना गर्नु पर्ने :**
यो विनियम एवं यस विनियममा समय समयमा हुने संशोधन समेत पालना गर्नु सम्वन्धित सवैको कर्तव्य हुनेछ।

३०. विविध :

यो विनिमय लागु हुन अघि वहाल रहेको गुणस्तर नियन्त्रण विनियम,२०४८ अन्तर्गत गुणस्तर सम्वन्धि कारवाहीमा परेको तर डिलरशिप रद्द नभएको अवस्थामा रही कारोवार गरिरहेका साधारण/प्याक्ड विक्रेताले फर्मको स्वामित्व वा स्थान परिवर्तन गर्न चाहेमा फर्मको स्वामित्व वा स्थान परिवर्तन गर्न स्वीकृति दिन सकिनेछ यस्ता कुनै विक्रेता गुणस्तर कारवाहीमा परिसकेका भए यस विनियमको दफा २२ , २३ र २४ अनुसार को कारवाही किनारा भई सकेको हुनु पर्नेछ।

३१. खारेजी र बचाउ :

३१.१ नेपाल आयल निगम लिमिटेड, पेट्रोलियम पदार्थ गुणस्तर नियन्त्रण विनियम, २०४८ खारेज गरिएको छ।

३१.२ यो विनियम लागु हुनु पूर्व नेपाल आयल निगम लिमिटेड, पेट्रोलियम पदार्थ गुणस्तर नियन्त्रण विनियम, २०४८ बमोजिम भए गरेका काम कारवाही यसै विनियम बमोजिम भए गरेको मानिनेछ।

अनुसूचि-१

# नेपाल आयल निगम लिमिटेड

## गुणस्तर नियन्त्रण तथा अनुसन्धान विभाग
दफा ७-२ सँग सम्वन्धित
निरिक्षण फेहरिस्त (चेक लिष्ट)

विक्रेताको नाम
र ठेगाना: :-

निरिक्षण अधिकृत :-... ... ... ... ... ...

निरिक्षण मिति :-... ... ... ... ... ...

निरिक्षण समय :- ... ... ... ... ...

| पठाउने डिपो | बिजक नं. | बिजकको मिति | पदार्थ | खरिद परिमाण (लिटरमा) | घनत्व/तापक्रम विवरण | | | डिस्पेन्सिङ्ग पम्पको मिटर रिडिङ्ग | डिप (से.मि.) | मौज्दात परिमाण (लिटरमा) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | बिजकमा उल्लेखित | निरिक्षण गर्दा पाईएको | १५°से.मा फरक (ग्राम/ सेमी³) | | | | |
| | | | | | | | | | | | |

............................
निरिक्षण अधिकृतको
दस्तखत

............................
उपभोक्ता प्रतिनिधिको
दस्तखत

............................
प्रतिनिधिको
दस्तखत

............................
अधिकृत बिक्रेताको
दस्तखत

# नेपाल आयल निगम लिमिटेड

## (दफा ७-२ सँग सम्वन्धित)

## विक्रेता निरिक्षण मुचुल्का

अनुसूचि-२

निरिक्षण मिति :- ... ... ... ... ... ... ...
निरिक्षण प्रारम्भ समय :- ... ... ... ... ... ... ...
निरिक्षण समाप्त समय :- ... ... ... ... ... ... ...
विक्रेताको नाम :- ... ... ... ... ... ... ...
डिस्पेसिङ पम्पको मिटर ठिक भएको/नभएको विवरण :- ... ... ... ... ... ...
विक्रीखातावाट देखिएको मौज्दात :- ... ... ... ... ... ... ...
टैंकको डिपवाट देखिएको मौज्दात :- ... ... ... ... ... ... ...
पम्प/टैंक/टैंकलरीवाट स्याम्पल झिकेको परिमाण :- ... ... ... ... ... ... ...
टलरेन्स लिमिट नाघेको छ/छैन :- ... ... ... ... ... ... ...
विक्रिस्थानमा निगमवाट लिए वाहेकको पेट्रोलियम पदार्थ पाईयो/ पाईएन :- ... ... ...
पाईएको भए विवरण :- ... ... ... ... ... ... ...
विक्रीस्थान सिल गर्नु/रोक्का राख्नु पर्ने भए कारण :- ... ... ... ... ... ..
विक्री सिल गरियो गरिएन :- ... ... ... ... ... ... ...
सिल गरिएको भए कसरी सिल गरिएको छ ? विवरण :- ... ... ... ... ... ... ...
विक्री गर्न रोक्का राख्ने आदेश दिएको छ/छैन :- ... ... ... ... ... ... ...
अन्य उल्लेख गर्नुपर्ने विषय :- ... ... ... ... ... ... ...

| विक्रेता वा निजको प्रतिनिधीहरु | निरिक्षणकर्ताहरु: | | उपभोक्ता प्रतिनिधी : |
|---|---|---|---|
| हस्ताक्षर :- ... ... ... | हस्ताक्षर :- ... ... ... | हस्ताक्षर :- ... ... ... | हस्ताक्षर :- ... ... ... |
| नाम, थर :- ...... ... | नाम, थर :- ...... ... | नाम, थर :- ...... ... | नाम, थर :- ...... ... |
| पद :- ... ... ... ... | पद :- ... ... ... ... | पद :- ... ... ... ... | पद :- ... ... ... ... |
| मिति :- ... ... ... ... | मिति :- ... ... ... ... | मिति :- ... ... ... ... | मिति :- ... ... ... ... |
| छाप :- | छाप :- | छाप :- | छाप :- |

# नेपाल आयल निगम लिमिटेड

(दफा ७.५ सँग सम्बन्धित)

विक्री वितरण रोक्का आदेश

अनुसूचि-४

श्री ... ... ... ... ... ...

... ... ... ... ... ... ।

विषय :- पेट्रोलियम पदार्थ सिल गरेको कब्जामा लिएको विक्री वितरणमा रोक लगाईएको बारे ।

महाशय,

आज मिति ...................... का दिन तपाइंको विक्री स्थलमा निरिक्षण गदा ........................... पाइंएकोले अर्को आदेश नभए सम्म तपाईकहाँ रहेको पेट्रोलियम पदार्थ सिल गरिएको छ/कब्जामा लिएको छ/विक्री वितरणमा रोक लगाइंएको छ । आदेश वमोजिम गर्नु होला ।

आदेश दिनेको :

नाम, थर :- ... ... ... ...

पद :- ... ... ... ...

मिति :- ... ... ... ...

वोधार्थ :-

१ नेपाल आयल निगम लिमिटेड,
आपूर्ति, वितरण तथा एभिएशन विभाग
काठमाण्डौ ।

२ ने.आ.नि.लि.
........................ क्षेत्रीय कार्यालय,

३ ने.आ.नि.लि. ........................ डिपो,
........................................... ।

| विक्रेता /दुवानीकर्ता वा निजको प्रतिनिधीहरु | निरिक्षणकर्ताहरु: | | उपभोक्ता प्रतिनिधी : |
|---|---|---|---|
| हस्ताक्षर :- | हस्ताक्षर :- | हस्ताक्षर :- | हस्ताक्षर :- |
| नाम, थर :- | नाम, थर :- | नाम, थर :- | नाम, थर :- |
| पद :- | पद :- | पद :- | पद :- |
| मिति :- | मिति :- | मिति :- | मिति :- |
| छाप :- | छाप :- | छाप :- | छाप :- |

# नेपाल आयल निगम लिमिटेड

## (दफा ७.६ तथा १५.५ सँग सम्वन्धित)

## नमूना लिंदा भर्नु पर्ने फर्म

अनुसूचि-५

मिति : ............ समय : ..............

विक्रेता ढुवानीकर्ताको नाम : ....................................

पदार्थ : ........

टैंक टैंकट्रक नम्वर : ....................

नमूना राखिएको भाँडाको नाम र परिमाण : ..........................

सीलको प्रकार : ....................

नमूना लिने कर्मचारीको नाम, दर्जा : ..............................

## नमूना दियौं :

## नमूना लियौं :

| विक्रेता ढुवानीकर्ता वा निजको प्रतिनिधीहरु | निरिक्षणकर्ताहरु: | | उपभोक्ता प्रतिनिधी : |
|---|---|---|---|
| हस्ताक्षर - | हस्ताक्षर :- | हस्ताक्षर :- | हस्ताक्षर :- |
| नाम, थर - | नाम, थर :- | नाम, थर - | नाम, थर :- |
| पद :- | पद :- | पद :- | पद - |
| मिति - | मिति - | मिति :- | मिति :- |
| छाप :- | छाप - | छाप :- | छाप :- |

विक्रेता/ढुवानीकर्ताको नाम : ... ... ... ... ... ... ... ... ... ... ... ... ... ...

टैंक/टैंकट्रक नम्वर : ... .... ... ... ...... ... ... पदार्थ : ... ... नमूना

राखिएको भाँडाको नाम र परिमाण : .... .... .... .... ... .... ... .....

सीलको प्रकार : ... ... ... ... ... ... ... ... ...

नमूना लिने कर्मचारीको नाम, दर्जा : ... ... .... ... ... ... ... .... ... ... ...

नमूना दियौं : नमूना लियौं :

| विक्रेता /ढुवानीकर्ता वा निजको प्रतिनिधीहरु | निरिक्षणकर्ताहरु: | | उपभोक्ता प्रतिनिधी : |
|---|---|---|---|
| हस्ताक्षर :- ... ... ... | हस्ताक्षर :- ... ... ... | हस्ताक्षर :- ... ... ... | हस्ताक्षर :- ... ... ... |
| नाम, थर :- ... ... ... | नाम, थर :- ... ... ... | नाम, थर :- ... ... ... | नाम, थर :- ... ... ... |
| पद :- ... ... ... ... ... | पद :- ... ... ... ... ... | पद :- ... ... ... ... ... | पद :- ... ... ... ... ... |
| मिति :- ... ... ... ... | मिति :- ... ... ... ... | मिति :- ... ... ... ... | मिति :- ... ... ... ... |
| छाप :- | छाप :- | छाप :- | छाप :- |

# नेपाल आयल निगम लिमिटेड
## दफा १०-५ सँग सम्वन्धित

अनुसूची-६

विक्रेताको
नाम :-
ठेगाना :-

पेट्रोल / डिजल

| मिति | पुरानो स्टक मोज्दात | लोड लिएको ने.आ.नि डिपो | टैंक ट्रक नं. | बिल नं./ मिति | परिमाण लिटरमा | गुणस्तर विवरण | | | डिस्पेन्सिङ पम्पको मिटर आयात अघि | अनलोड पछिको स्टक मौज्दात | | | | पम्पको अधिकृत दस्तखत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | घनत्व | तापक्रम | एफ.बि.पि | | डिप | परिमाण | घनत्व | तापक्रम | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |

| | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |

# नेपाल आयल निगम लिमिटेड
## क्षेत्रीय कार्यालय/ईन्धन डिपो/शाखा कार्यालय
(दफा ८.२ ,९.२ सँग सम्वन्धित)

अनुसूची-७

| सि.नं | टैंक ट्रक नं | पदार्थ | चलान नं. | लोडिङ मिति | प्राप्त मिति | परिमाण | लोड गर्दाको गुणस्तर विवरण | | | अनलोड गर्दाको गुणस्तर विवरण | | | कुल नोक्सान ? | तापक्रम नोक्सान ? परिमाण | क्लेमेबल लस परिमाण | खाली गरेको स्टोरेज टैंक नं. | अप्रेशन अधिकृतको दस्तखत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | घनत्व | तापक्रम | एफबिपि | घनत्व | तापक्रम | एफबिपि | | | | | | |
| | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | |

# नेपाल आयल निगम लिमिटेड

(दफा ११.४ सँग सम्वन्धित)

भण्डारण टैंक/टैंकट्रक सफाई प्रमाणपत्र

अनुसूचि-८

स्थान :-

टैंक/टैंकट्रक नम्वर :-

पदार्थ :-

क्षमता :-

सफाई गरिएको मिति :-

म्याद थप भएको भए :-

पुन: सफाई गर्नु पर्ने मिति :-

इपिकोट परिक्षण :- ठिक ☐ वेठिक ☐

फिटिङ्ग परिक्षण :- ठिक ☐ वेठिक ☐

अन्य :- ................ ....................

..................................................

प्रमाणित गर्नेको दस्तखत :

मिति :-

कार्यालय प्रमुखको दस्तखत

मिति :-

# नेपाल आयल निगम लिमिटेड
## (दफा १५.३ तथा १८.३ सँग सम्वन्धित)
## सेम्पल ट्याग

अनुसूचि-९

पदार्थ :- ... ... ... ... ... ... ...
नमूनाको श्रोत :- ... ... ... ... ... ... ...
नमूना संकलन मिति/समय :- ... ... ... ... ... ... ...
परिमाण :- ... ... ... ... ... ... ...
घनत्व/तापक्रम :- ... ... ... ... ... घनत्व (१५ डिग्री सेन्टीग्रेडमा) :- ... ... ... ...

| विक्रेता /ढुवानीकर्ता वा निजको प्रतिनिधीहरु | निरिक्षणकर्ताहरु: | | उपभोक्ता प्रतिनिधी : |
|---|---|---|---|
| हस्ताक्षर :- ... ... ... ... | हस्ताक्षर :- ... ... ... ... | हस्ताक्षर :- ... ... ... ... | हस्ताक्षर :- ... ... ... ... |
| नाम, थर :- ... ... ... ... | नाम, थर :- ... ... ... ... | नाम, थर :- ... ... ... ... | नाम, थर :- ... ... ... ... |
| पद :- ... ... ... ... ... | पद :- ... ... ... ... ... | पद :- ... ... ... ... ... | पद :- ... ... ... ... ... |
| मिति :- ... ... ... ... | मिति :- ... ... ... ... | मिति :- ... ... ... ... | मिति :- ... ... ... ... |
| छाप :- | छाप :- | छाप :- | छाप :- |

# नेपाल आयल निगम लिमिटेड
## (दफा ७-१३ सँग सम्वन्धित)
## मुचुल्काको नमुना

अनुसूचि-१०

लिखितम हामी तपशिल बमोजिम आगे निगमवाट खटिनु भएका तपाई ............ ............................ ले ..................... स्थानमा हामीलाई भेला गरी ........................................................ देखाई भन्नु भएकोमा हामीलाई चित्त बुझ्यो । यसमा हामीलाई लागेको , हामीले देखे सुने बुझ्े सम्मको कुरा पछिसम्म फरक नपर्ने तपशिल खण्डमा लेखि लेखाई दियौं ।

तपशिल

........................................ भन्ने ...............(फलानो)...................बजे................

........................................ भन्ने ...............(फलानो)...................बजे................

........................................ भन्ने ...............(फलानो)...................बजे................

........................................ भन्ने ...............(फलानो)...................बजे................

रोहबर

| विक्रेता /ढुवानीकर्ता वा निजको प्रतिनिधीहरु | निरिक्षणकर्ताहरु: | | उपभोक्ता प्रतिनिधी : |
|---|---|---|---|
| हस्ताक्षर :- ... ... ... ... | हस्ताक्षर :- ... ... ... ... | हस्ताक्षर :- ... ... ... ... | हस्ताक्षर :- ... ... ... ... |
| नाम, थर :- ... ... ... ... | नाम, थर :- ... ... ... ... | नाम, थर :- ... ... ... ... | नाम, थर :- ... ... ... ... |
| पद :- ... ... ... ... ... | पद :- ... ... ... ... ... | पद :- ... ... ... ... ... | पद :- ... ... ... ... ... |
| मिति :- ... ... ... ... | मिति :- ... ... ... ... | मिति :- ... ... ... ... | मिति :- ... ... ... ... |
| छाप :- | छाप :- | छाप :- | छाप :- |